वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५२ २०८३ जेठ २९ गते शुक्रबार, नेपाल सम्वत् ११४६ June 12, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




# मानव-वन्यजन्तु द्वन्द्व : तनहुँमा १७ जनाले ज्यान गुमाए, २१ जना घाइते

## मानव-वन्यजन्तु बीचको बढ्दो द्वन्द्व र चुनौती, सहअस्तित्वको खोजी

**नारायण खड्का/तनहुँ**

वन क्षेत्रको विस्तार, मानव बस्तीको बढ्दो अतिक्रमण, प्राकृतिक बासस्थानमा आएको परिवर्तन तथा खाद्य स्रोतको अभावका कारण नेपालका विभिन्न जिल्लामा मानव-वन्यजन्तु द्वन्द्व गम्भीर चुनौतीका रूपमा देखा परेको छ ।

तनहुँ जिल्लामा पनि पछिल्ला वर्षहरूमा चितुवा, बाँदर, भालु, बँदेल लगायतका वन्यजन्तुसँगको द्वन्द्व बढ्दै गएको तथ्याङ्कले देखाएको छ। यसले मानव जीवन, पशुधन, कृषि उत्पादन तथा वन्यजन्तु संरक्षणमा समेत प्रत्यक्ष असर पुऱ्याइरहेको छ ।

डिभिजन वन कार्यालय तनहुँले सार्वजनिक गरेको तथ्याङ्क अनुसार तनहुँमा बिगत आठ वर्षको अवधिमा चितुवाको आक्रमण परी १७ जनाले ज्यान गुमाएका छन् भने २१ जना घाइते भएका छन् । वि.सं. २०७४ देखि २०८२ सम्मको अवधिमा मानव-वन्यजन्तुका ३८ घटना हुँदा १७ जनाले ज्यान गुमाएको डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी गराए ।

कार्यालयले विहीबार आयोजना गरेको मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्वन्धी संचारकर्मीहरूसँग अन्तरक्रिया गोष्ठीमा यो अवधिमा चितुवाको आक्रमणमा परी भानु नगरपालिकामा चितुवा, भालु र बाँदरबाट १४ वटा घटना हुँदा ५ जनाको मृत्यु हुनुका साथै ९ जना घाइते भएका थिए ।

बन्दीपुरा गाउँपालिकामा चितुवा आक्रमणका ११ घटना हुँदा ७ जनाको मृत्यु हुनुका साथै ४ जना घाइते भए भने व्यास नगरपालिकामा चितुवा र भालुको आक्रमणका ६ घटना हुँदा २ जनाको मृत्यु हुनुका साथै ४ जना घाइते भएका थिए ।

यस्तै, शुक्लागण्डकी नगरपालिकामा चितुवा आक्रमणको ३ घटना हुँदा २ जनाको ज्यान जानुका साथै १ जना घाइते भएका थिए । आँबुखैरेनी गाउँपालिमा भएको चितुवा आक्रमणको ३ घटनामा १ जनाको मृत्यु भएको र २ जना घाइते भएका थिए भने म्याग्दे गाउँपालिमा चितुवा आक्रमणको १ घटना हुँदा १ जना घाइते भएका थिए । केही महिना यता भने जिल्लामा चितुवा आक्रमणको घटना नभएको डिभिजन वन अधिकृत रानाभाटले जानकारी गराए ।




मानिस र वन्यजन्तुको आवश्यकता, गतिविधि वा हित एक-अर्कासँग जुद्धा उत्पन्न हुने अवस्थालाई मानव-वन्यजन्तु द्वन्द्व भन्ने गरिएको छ । यसले कहिले मानिसलाई क्षति पुऱ्याउँछ भने कहिले वन्यजन्तु नै जोखिममा पर्छन्। कतिपय अवस्थामा दुवै पक्षले नोक्सानी बेहोर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यस्तै कार्यालयको तथ्याङ्क अनुसार यो आठ वर्षको अवधिमा १७ वटा चितुवा मरेका छन् भने १५ चितुवा घाइते भएका छन् । भालु ४ र बाँदर २ घाइते भएका छन् ।

**बालबालिका सबैभन्दा जोखिममा**

मानवीय क्षतिको विश्लेषण गर्दा बालबालिका सबैभन्दा बढी प्रभावित समूहका रूपमा देखिएका छन्। विशेषगरी ६ देखि १० वर्ष उमेर समूहका बालबालिकामाथि चितुवाको आक्रमण बढी भएको तथ्याङ्कले देखाउँछ। यस उमेर समूहमा १० जनाको मृत्यु तथा ६ जना घाइते भएका छन्।

अधिकांश घटना घरआँगन, घर नजिकको बाटो तथा खेलिरहेको अवस्थामा भएका छन्। साँझको समयमा घर बाहिर खेलिरहेका बालबालिकामाथि चितुवाले आक्रमण गरेका घटनाहरु उल्लेख्य छन्।

वयस्क उमेर समूहमा भने मृत्युको संख्या कम भए पनि घाइते हुने घटना बढी छन् । खेतबारीमा काम गर्ने, घाँसदाउरा गर्न जाने तथा गोठमा पशुचौपाया हेर्ने क्रममा भालु वा चितुवाको आक्रमणमा परेका उदाहरणहरु प्रशस्त छन् ।

**साँझको समय सबैभन्दा जोखिमपूर्ण**

समयगत विश्लेषणले साँझ ५ बजेदेखि ८ बजेसम्मको समय सबैभन्दा जोखिमयुक्त रहेको देखाएको छ । यही अवधिमा २२ वटा घटना भएका छन् । १७ वटा मृत्यु घटनामध्ये १३ वटा मृत्यु साँझको समयमा भएका छन् ।

वन्यजन्तुहरु आहारा खोज्न बस्ती नजिक आउने र मानिसहरूको गतिविधि पनि जारी रहने भएकाले साँझको समय द्वन्द्वको सम्भावना बढी हुने विज्ञहरु बताउँछन् ।

बिहान सबेरै खेतबारी तथा गोठतर्फ जाने क्रममा पनि चितुवा र भालुसँग जम्काभेट हुने घटनाहरु भएका छन्। दिउँसोका समयमा भने खेतबारीमा काम गर्ने, घाँस काट्ने वा बाँदरबाट टोकिने घटनाहरु बढी देखिन्छन्।

**घरआँगन नै बन्यो जोखिम क्षेत्र**

यस्तै, स्थानगत विश्लेषणले घरआँगन तथा घर परिसरलाई सबैभन्दा जोखिमयुक्त क्षेत्रका रूपमा देखाएको छ। मानवीय क्षतिका १८ वटा घटना घरआँगन वा घरमा खेलिरहेका अवस्थामा भएका छन्। अधिकांश पीडित बालबालिका रहेका छन्। घर नजिकको बाटो, करेसाबारी, मकैबारी तथा खेतबारीमा पनि मानव-वन्यजन्तु द्वन्द्वका घटना बढी हुने गरेका छन्। विशेषगरी वन क्षेत्रसँग जोडिएका बस्तीहरु बढी जोखिममा रहेका छन्।

**चितुवा मुख्य चुनौती**

तनहुँमा भएका अधिकांश मानवीय तथा पशुधन क्षतिका घटनामा चितुवा प्रमुख कारणका रूपमा देखिएको छ। कार्यालयको तथ्याङ्क अनुसार २०७६ देखि २०८२ सालसम्म मानव-वन्यजन्तु द्वन्द्वका २७५ वटा घटना दर्ता भएका छन्। ती घटनाबाट ४५० वटा पशुधन क्षति भएको छ। कुल घटनामध्ये करिब ९८.९ प्रतिशत हिस्सा चितुवासँग सम्बन्धित रहेको तथ्याङ्कले देखाउँछ ।

चितुवाले विशेषगरी बाख्रा, बोका, बाच्छा तथा अन्य साना घरपालुवा


बाँकी तेश्रो पेजमा

# यस वर्ष हिन्दकुश क्षेत्रमा कम मनसुनी वर्षा तर जोखिम यथावत् : अध्ययन

**भीष्मराज ओझा/काठमाडौं**

हिन्दुकुश-हिमालय (एचकेएच) क्षेत्रमा यस वर्ष औसतभन्दा कम मनसुनी वर्षा हुने पूर्वानुमान गरिएको भए पनि विपद्को जोखिम भने यथावत् रहने एक अध्ययनले देखाएको छ । छोटो अवधिमा हुने अत्यधिक वर्षा, बढ्दो तापक्रम र जलस्रोतमा बढ्दो दबाबका कारण यो मौसम झन् जोखिमपूर्ण बन्न सक्ने वैज्ञानिकहरूले चेतावनी दिएका छन् । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले उक्त अध्ययनसम्बन्धी 'हिन्दुकुश-हिमालय (एचकेएच) मनसुन आउटलुक २०२६' बिहीबार प्रकाशित गरेको हो ।

एचकेएच मनसुन आउटलुक २०२६, विश्व तथा क्षेत्रीयस्तरका विभिन्न जलवायु मोडेलहरूको पूर्वानुमानमा आधारित छ । यसको उद्देश्य जुनदेखि सेप्टेम्बरसम्मको




मनसुन मौसमअघि सरकार, विपद् व्यवस्थापन निकाय र समुदायलाई योजना तथा पूर्वतयारीमा सहयोग पुऱ्याउनु रहेको इसिमोडले जनाएको छ । यस अध्ययनले भूटान, भारत, नेपाल र पाकिस्तानलगायत मुलुकमा औसतभन्दा कम वर्षा हुने तथा यस क्षेत्रका अधिकांश भागमा औसतभन्दा बढी तापक्रम रहने प्रक्षेपण गरेको छ ।

यसका बाबजुद विज्ञहरूले आकस्मिक बाढी, पहिरो तथा अन्य जोखिमहरूको सम्भावना उच्च रहने बताएका छन् । "कमजोर मनसुन भए पनि छोटो अवधिको अत्यधिक वर्षा अझै ठूलो चिन्ताको विषय हो", इसिमोडका जलविज्ञ मनीष श्रेष्ठले भन्नुभयो, "समुदाय र सम्बन्धित निकायहरूले छोटो अवधिका मौसम पूर्वानुमान तथा परामर्शहरुलाई नजिकबाट पछ्याउन आवश्यक छ ।"

अनियमित वर्षा र बढ्दो तापक्रमको संयोजनले एउटै मौसममा खडेरी र बाढी दुवैको जोखिम बढाउने अनुमान गरिएको छ । लामो समयसम्मको सुक्खा

बाँकी तेश्रो पेजमा

# पोखरा सेती पुलको दोस्रो पटक म्याद थप

**भञ्ज्याङ समाचारदाता/कास्की**

पृथ्वीराजमार्गअन्तर्गत पर्ने पोखराको पृथ्वीचोकस्थित सेती नदीमा निर्माणाधीन सेती पुलको दोस्रो पटक म्याद थप गरिएको छ। मुग्लिन-पोखरा सडक आयोजना पश्चिम खण्डअन्तर्गत निर्माणाधीन यस पुलको म्याद विसं २०८३ फागुन २१ गतेसम्म पुऱ्याइएको हो। सेतीको हालको पुलको 'अपस्ट्रिम' र 'डाउनस्ट्रिम' १९० मिटरका दुईवटा पक्की पुल रू एक अर्ब सात करोड लागतमा निर्माण गर्नका लागि विसं २०७९ भदौ २६ गते ठेक्का सम्झौता गरिएको थियो ।

एसियाली विकास बैङ्कको ऋण सहयोगमा सडक विभाग अन्तर्गत निर्माण भइरहेको पुल तीन वर्षभित्रमा सम्पन्न गर्ने गरी एम/एस रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिसँग सम्झौता भए पनि काम नसकिएपछि गत भदौमा पहिलोपटक म्याद थप गरिएको थियो ।

हालसम्म पुलको ६१ प्रतिशत हाराहारीमा भौतिक प्रगति भएको मुग्लिन पोखरा सडक आयोजना पश्चिम खण्डका आयोजना प्रमुख कृष्णबहादुर कुँवरले बताउनुभयो। उहाँका अनुसार अब निर्माण कार्यका लागि कुनै अवरोध नभएकाले निर्माण कम्पनीले तीव्रताका साथ काम गरेर तोकिएको म्यादभित्र सम्पन्न हुनेछ ।

सेती नदीको उत्तर साइडमा कारवासलगायत जग्गाधनी तथा व्यवसायीलाई सडकबाट एसियाली विकास बैङ्कको नीतिअनुसार सडक पहुँच दिनुपर्ने कारणले दुई

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# मानव-वन्यजन्तु द्वन्द्व : सहअस्तित्वको चुनौती

तनहुँमा पछिल्ला वर्षहरूमा मानव-वन्यजन्तु द्वन्द्व गम्भीर सामाजिक तथा वातावरणीय समस्याका रूपमा देखापरेको छ । वन क्षेत्रको विस्तारसँगै मानव बस्ती पनि बढ्दै गएका छन् । विकास निर्माणका गतिविधि, सडक विस्तार, कृषि क्षेत्रको फैलावट र प्राकृतिक बासस्थानमा आएको परिवर्तनले मानिस र वन्यजन्तुबीचको दूरी घटाएको छ। यही कारण वन्यजन्तु बस्तीमा आउन थालेका छन् भने मानिसहरु पनि वन क्षेत्रभित्र बढी प्रवेश गर्न थालेका छन्। परिणामस्वरूप द्वन्द्वका घटना बढिरहेका छन् । डिभिजन वन कार्यालय तनहुँले सार्वजनिक गरेको तथ्याङ्कले यो समस्याको गम्भीरता स्पष्ट देखाएको छ । पछिल्लो आठ वर्षमा चितुवाको आक्रमणबाट १७ जनाले ज्यान गुमाएका छन् भने २१ जना घाइते भएका छन्। अझ चिन्ताजनक पक्ष के छ भने मृत्यु हुनेमध्ये अधिकांश बालबालिका रहेका छन्। विशेषगरी ६ देखि १० वर्ष उमेर समूहका बालबालिका चितुवाको आक्रमणको उच्च जोखिममा रहेको तथ्याङ्कले देखाएको छ। घरआँगनमा खेलिरहेका, घर नजिकका बाटोमा हिँडिरहेका वा साँझको समयमा बाहिर रहेका बालबालिकामाथि चितुवाले आक्रमण गरेका घटना धेरै छन् ।

मानव जीवनमात्र होइन, पशुधन र कृषिमा पनि वन्यजन्तुको प्रभाव बढ्दो छ। तनहुँमा केही वर्षको अवधिमा २७५ वटा मानव-वन्यजन्तु द्वन्द्वका घटना दर्ता भएका छन्। ती घटनाबाट ४५० वटा पशुधन क्षति भएको छ। बाख्रा, बोका, बाच्छा र अन्य साना घरपालुवा जनावर चितुवाको मुख्य शिकार बनेका छन्। ग्रामीण परिवारका लागि पशुपालन आयआर्जनको महत्वपूर्ण आधार हो। त्यसैले पशुधनको क्षतिले परिवारको आर्थिक अवस्था कमजोर बनाउने मात्र होइन, जीविकोपार्जनमै असर पार्ने गरेको छ । यसका साथै बाँदरले कृषकलाई अर्को समस्या थपिदिएको छ । मकैबालीमा बाँदरको क्षति बढ्दो छ। वर्षभरको मेहनतपछि पाक्न लागेको बाली केही घण्टामै नष्ट हुँदा किसान निराश बन्ने गरेका छन्। कतिपय स्थानमा किसानले खेती गर्नै छाड्ने अवस्था समेत सिर्जना भएको छ। यसले खाद्य सुरक्षामा समेत चुनौती थपेको छ । द्वन्द्व बढ्नुका पछाडि धेरै कारण छन्। वन क्षेत्रभित्र प्राकृतिक आहारा र पानीका स्रोतको कमी, वन्यजन्तुको बासस्थानमा मानवीय हस्तक्षेप, सडक तथा अन्य पूर्वाधार निर्माणका कारण वन्यजन्तुको आवागमनमा अवरोध, र जलवायु परिवर्तनका प्रभाव प्रमुख कारणका रूपमा रहेका छन्। वन्यजन्तुले आफ्नो प्राकृतिक वातावरणमा पर्याप्त आहारा नपाएपछि बस्ती र खेतबारीतर्फ आकर्षित हुनु स्वाभाविक हो। अर्कोतर्फ मानिसहरूले पनि वन क्षेत्रको सीमालाई सम्मान गर्न नसक्दा समस्या झन् जटिल बनेको छ।

यो समस्या केवल वन कार्यालयको मात्र जिम्मेवारी होइन। स्थानीय सरकार, समुदाय, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित सबै निकायको साझा चासो र प्रयास आवश्यक छ। विशेषगरी जनचेतना अभिवृद्धि अहिलेको मुख्य आवश्यकता हो। धेरै घटनामा सामान्य सावधानी अपनाउन सके पनि क्षति कम गर्न सकिने देखिन्छ। बालबालिकालाई साँझपछि एक्लै बाहिर नपठाउने, घर वरिपरिका झाडी सफा राख्ने, पर्याप्त उज्यालोको व्यवस्था गर्ने, पशुचौपायालाई सुरक्षित गोठमा राख्ने तथा वन्यजन्तु देखिएमा उत्तेजित नभई सम्बन्धित निकायलाई खबर गर्ने जस्ता उपाय प्रभावकारी हुन सक्छन् । कृषि तथा पशुधन सुरक्षाका लागि पनि आधुनिक उपाय अपनाउन आवश्यक छ। सौर्य विद्युतीय बार, तारजाली, सामूहिक निगरानी तथा वन्यजन्तुले कम रूचाउने बालीको खेती विस्तार गर्न सकिन्छ। यस्ता कार्यक्रमलाई स्थानीय तह र सरकारबाट प्रोत्साहन गरिनुपर्छ। द्वन्द्वबाट प्रभावित किसान र परिवारलाई समयमै राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ । यस सन्दर्भमा सञ्चारमाध्यमको भूमिका पनि अत्यन्त महत्वपूर्ण छ। द्वन्द्वका घटनालाई सनसनीपूर्ण बनाउने होइन, तथ्यपरक र सन्तुलित रूपमा प्रस्तुत गर्नुपर्छ। वन्यजन्तुप्रति घृणा वा डर फैलाउनेभन्दा पनि सहअस्तित्वको सन्देश दिनु आजको आवश्यकता हो। सञ्चारकर्मीले समुदायका समस्या सम्बन्धित निकायसम्म पुऱ्याउने, संरक्षणका सकारात्मक अभ्यासलाई उजागर गर्ने र समाधानमुखी बहस सिर्जना गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्छ ।

मानव र वन्यजन्तु दुवै प्रकृतिका अभिन्न अंग हुन्। एक पक्षको अस्तित्व अर्को पक्षको विनाशमा आधारित हुन सक्दैन। त्यसैले मानव सुरक्षा र वन्यजन्तु संरक्षणबीच सन्तुलन कायम गर्नु नै आजको प्रमुख चुनौती हो। वैज्ञानिक व्यवस्थापन, प्रभावकारी नीति, समुदायको सक्रिय सहभागिता र सचेत व्यवहारमार्फत मात्रै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न सकिन्छ । सहअस्तित्व कुनै विकल्प होइन, आवश्यकता हो। प्रकृतिसँगको सन्तुलित सम्बन्ध कायम राख्दै मानिस र वन्यजन्तु दुवै सुरक्षित हुने वातावरण निर्माण गर्नु नै दीर्घकालीन समाधानको सही बाटो हो।

# मानव-वन्यजन्तु द्वन्द्व बढ्दो चुनौती

♦ भीष्मराज ओझा

पछिल्लो समय संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं संकुचनले गर्दा वन्यजन्तुहरूले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन् ।

यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरी बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । खासगरी हात्ती, बाघ, गैंडा, हिउँचितुवा, हिमाली कालो भालु, काठे भालुलगायतका वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु तथा घाइतेका साथै बालीनाली, घर, गोठको क्षति हुने गरेको छ। अर्कोतिर बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति मुलुकभर बढ्दो छ । यसले गाउँबस्ती नै विस्थापित हुने अवस्था सिर्जना भएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरूमा मानव-वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याको रूपमा देखा परेको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्र मुलुकभरका संरक्षित तथा मध्यवर्ती क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमणबाट १५ जनाको मृत्यु भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क छ ।

त्यसैगरी सामान्य घाइते संख्या १४ जना र सख्त घाइते हुनेको संख्या ५७ जना, घर/गोठको क्षति ११६, पशुधन क्षति तीन हजार ७३२, अन्नबालीको क्षति चार हजार ६१० र भण्डारण गरेको अन्नको क्षतिका घट्ना ५१ रहेको तथ्याङ्क छ । मानवीय क्षति भएकामध्ये सबैभन्दा धेरै चितवन राष्ट्रिय निकुञ्जमा १० जना, बर्दिया राष्ट्रिय निकुञ्जमा दुई जना तथा बाँके, शुक्लाफाँटा र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक जनाको मृत्यु भएको छ ।

त्यस्तै गत आवमा वन्यजन्तुबाट भएको क्षतिका कुल आठ हजार ५९५ वटा घटना दर्ता भएका छन् । विभागले निकुञ्ज आरक्षलगायत संरक्षित क्षेत्रहरूका वन्यजन्तुबाट हुने क्षतिलाई कम गर्नेलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । साथै, मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका बमोजिम राहत उपलब्ध गराउने व्यवस्था गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बताउनुभयो।

गत आवमा संरक्षित क्षेत्रमा वन्यजन्तुबाट कुल आठ हजार ५९५ भौतिक तथा कृषि क्षेत्रमा क्षतिका घटना भएका थिए । त्यसको क्षतिवापत विभिन्न संरक्षित क्षेत्रका कार्यालयबाट कूल सात करोड ११ लाख ६८ हजार ६०४ रूपैंया राहत रकम वितरण गरिएको विभागले जनाएको छ ।

**विभिन्न कारणबाट वन्जन्तु मृत्युका घटना**

त्यस्तै वन्यजन्तुहरू निकुञ्ज नजिकमा रहेका गाउँ बस्तीमा विविध कारणले गर्दा प्रवेश गर्ने गरेका छन् । यस्तो अवस्थामा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले सरोकारवालाको सहयोगमा ती वन्यजन्तुहरूको उद्धार गर्ने गरिएको छ । उद्धार गरिएका यस्ता वन्यजन्तुहरूलाई आवश्यक उपचार वा रेखदेखपश्चात उचित वासस्थानमा पुनर्स्थापना गर्ने गरिएको छ । पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुको हकमा उक्त वन्यजन्तुलाई उचित खोर र आहाराको व्यवस्था गरी हेरचाह गरिँदै आइएको छ ।

यस्ता समस्याग्रस्त वन्यजन्तुहरूको व्यवस्थापन खर्च निकै महङ्गो हुने भएकाले व्यवस्थापकीय चुनौती थप भएको छ । गत आवमा प्राकृतिक, सडक दुर्घटना, भौतिक संरचनामा फसेर, कुकुरको आक्रमण र दलदलमा फस्नेलगायत विभिन्न कारणबाट ३३९ वन्यजन्तु मृत्युका घटना भएका थिए। त्यसमध्ये सबै भन्दा धेरै मृत्यु चित्तलको भएको देखिन्छ भने प्राकृतिक बाहेक सडक दुर्घटना र कुकुरको आक्रमणबाट सबै भन्दा धेरै वन्यजन्तुहरूको मृत्यु भएको थियो । आव २०८१/८२ को तथ्यांकअनुसार विभिन्न कारणले १२८ चित्तल, ३२ कृष्णसार, २९ गैंडा, १९ बाँदर, १७ बँदेल, १५ रतुवा, ११ हात्ती, १० पाटेबाघ, १० घोरल मृत्युलगायतका घट्ना रेकर्ड गरिएको छ ।

**वन्यजन्तुलाई बासस्थानभित्र सुरक्षित राख्नु प्रभावकारी**

वन्यजन्तुको संख्या वृद्धि, मानव बस्तीको विस्तार, पूर्वाधार निर्माण र जङ्गलमाथिको निर्भरता बढ्दै जाँदा मानव-वन्यजन्तु द्वन्द्वका घटना पनि बढिरहेका छन् । वरिष्ठ इकोलोजिष्ट आचार्यका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय भनेको वन्यजन्तुलाई उनीहरूको प्राकृतिक बासस्थानभित्र सुरक्षित राख्नु हो । उहाँले वन्यजन्तुको बासस्थान सुधार, घाँसेमैदान विस्तार, पानीका स्रोतको संरक्षण तथा मानवीय हस्तक्षेप न्यूनीकरण गरेर वन्यजन्तुलाई जङ्गलभित्रै बस्न अनुकूल वातावरण बनाउनुपर्ने बताउनुभयो। "घट्नापछि राहत वितरण गर्नेभन्दा पनि घटना नै हुन नदिने उपायमा जोड दिन आवश्यक छ", उहाँले भन्नुभयो ।

विभागले स्रोतसाधनअनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका फरक-फरक सुरक्षा उपाय अपनाएको उहाँले जानकारी दिनुभयो । "हात्ती प्रभावित क्षेत्रमा सोलार तथा विद्युतीय बार, आरसीसी पर्खाल र अन्य अवरोध निर्माण गरिएका छन् भने गैँडा तथा अन्य वन्यजन्तुको आवतजावत नियन्त्रणका लागि पनि विभिन्न संरचनात्मक उपायहरु प्रयोग भइरहेका छन्" वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो।

उहाँले स्थानीय समुदायलाई पर्यटन, होमस्टे तथा अन्य वैकल्पिक आयआर्जनका अवसरसँग जोड्न सके जङ्गलमाथिको निर्भरता घट्ने र मानव-वन्यजन्तु सम्पर्क पनि कम हुने बताउनुभयो । "जंगलमा घाँस, दाउरा वा वन उपज संकलनका लागि बारम्बार जानुपर्ने अवस्था अन्त्य गर्न सकियो भने द्वन्द्वका धेरै घटना स्वतः घट्छन्," उहाँको भनाइ छ । यसैगरी वन्यजन्तुको मृत्युका घटनाबारे उहाँले प्राकृतिक कारणभन्दा पनि सडक दुर्घटना, सिँचाइ कुलो, विद्युतीय करेन्ट तथा अन्य पूर्वाधारजन्य जोखिमहरु प्रमुख चुनौतीका रूपमा देखिएको बताउनुभयो ।

**द्वन्द्व व्यवस्थापन गर्न प्राविधिक कार्यदल गठन**

मुलुकभर वन्यजन्तुबाट मानवीय र भौतिक क्षति तथा कृषि बाली नष्ट हुने गरेका घट्ना बढ्दै गएपछि यसको समाधानका लागि सर्वत्र आवाज उठ्न थालेको छ। यसै सन्दर्भमा संघीय संसदको चालु अधिवेशनमा पनि सांसदहरूले समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै व्यापक रूपमा आवाज उठाउनुभएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट यही जेठ ४ गते मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन गर्नुभएको थियो। कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि र गृह मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधि र सरोकारवाला क्षेत्रका विज्ञहरु सदस्य रहनुभएको छ ।

कार्यदललाई यस सम्बन्धमा विगतमा तयार गरिएका प्रतिवेदन, अध्ययन अनुसन्धान, नीतिगत तथा संस्थागत व्यवस्था, राहत तथा क्षतिपूर्ति प्रणाली र हालसम्म भएका व्यवस्थापन प्रयासहरूको समीक्षा र विश्लेषण गर्ने जिम्मेवारी प्रदान गरिएको छ । साथै द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत तथा संस्थागत उपायहरु सिफारिस गर्नेसमेत जिम्मेवारी प्रदान गरिएको मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला ज्ञवालीले जानकारी दिनुभयो।

कार्यदलको यही जेठ १८ गतेको बैठकले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरु संचालन गर्ने तीनै तहका सरकारका निकायहरु, गैह्सरकारी संघ संस्था, विज्ञ र सर्वसाधारणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको थियो। उहाँका अनुसार कार्यदलले यही जेठ २२

बाँकी तेश्रो पेजमा



## तपाईको आज

**मेष**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**वृष**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

**मिथुन**
आफ्ना काममा अरूको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरू गर्ने समय छ ।

**कर्कट**
आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

**सिंह**
बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**कन्या**
टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**वृश्चिक**
बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**धनु**
प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरूले काममा साथ दिनेछन् ।

**मकर**
पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

**कुम्भ**
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

**मीन**
पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।

# मानव-वन्यजन्तु द्वन्द : तनहुँमा ........

जनावरलाई सजिलै शिकार बनाउने गरेको पाइन्छ । कुल पशुधन क्षतिको ८२ प्रतिशतभन्दा बढी हिस्सा बाख्रा तथा बोकामा केन्द्रित रहेको छ । यसले ग्रामीण समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पुऱ्याएको छ । बाँदरबाट हुने क्षति तुलनात्मक रूपमा कम देखिए पनि कृषकहरूका लागि यो अर्को ठूलो समस्या बनेको छ । बाँदरसम्बन्धी घटनाहरू कुल घटनाको करिब १.१ प्रतिशत भए पनि मकैबालीमा ठूलो नोक्सानी पुऱ्याइरहेका छन् ।

**वन्यजन्तुको बासस्थानमा बढ्दो दबाब**

वन क्षेत्रभित्रका प्राकृतिक आहारा तथा पानीका स्रोतमा कमी आउनु, मानव बस्ती विस्तार हुनु, सडक तथा पूर्वाधार निर्माणका कारण वन्यजन्तुको आवागमन प्रभावित हुनुजस्ता कारणले द्वन्द बढ्दै गएको सरोकारवालाहरू बताउँछन् । चितुवा, भालु, बाँदर, बँदेल लगायतका वन्यजन्तु आहाराको खोजीमा बस्ती तथा कृषियोग्य जमिनसम्म आइपुग्दा किसान र स्थानीयवासी प्रत्यक्ष प्रभावित हुने गरेका छन्। अर्कोतर्फ मानिसको गतिविधि वन क्षेत्रभित्र बढ्दा वन्यजन्तु पनि असुरक्षित बन्न पुगेका छन् ।

यस्तै, तनहुँको कुल क्षेत्रफल मध्ये ५२ दशमलव ६१ प्रतिशत वन क्षेत्र रहेको छ भने ४७ दशमलव ३९ प्रतिशत खेतीयोग्य जमिन रहेको छ । जिल्लामा ६२५ सामुदायिक वन ४८५ कवुलियती वन, ११ वटा धार्मिक वन र ८४ वटा नीजि वन रहेको डिभिजन वन कार्यालय तनहुँको तथ्याङ्कले देखाएको छ ।

**सञ्चारकर्मीको भूमिका महत्त्वपूर्ण**

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा सञ्चारकर्मीको भूमिका अत्यन्त महत्वपूर्ण मानिएको डिभिजन वन अधिकृत रानाभाटले बताए । उनले भने, 'सही, तथ्यपरक र सन्तुलित सूचना प्रवाहमार्फत समुदायमा जनचेतना फैलाउन सञ्चारमाध्यमले प्रभावकारी भूमिका खेल्न सक्छन्।'

'द्वन्द्वका घटनालाई अतिरञ्जित ढंगले प्रस्तुत गर्दा वन्यजन्तुप्रति नकारात्मक धारणा बन्न सक्ने भएकाले जिम्मेवार पत्रकारिता आवश्यक रहेको छ', उनले भने, 'सञ्चारकर्मीले प्रभावित समुदायको आवाज सम्बन्धित निकायसम्म पुऱ्याउने, संरक्षणसम्बन्धी सन्देश प्रवाह गर्ने तथा नीति सुधारका लागि बहस सिर्जना गर्ने कार्य गर्न सक्छन् ।'

**समाधानको बाटो**

विशेषज्ञहरूका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको बासस्थान संरक्षण, आहाराको व्यवस्था, पानीका स्रोतको विकास तथा समुदायमा आधारित व्यवस्थापन आवश्यक छ।

कृषि क्षेत्रको सुरक्षाका लागि सौर्य विद्युतीय बार, तारजाली तथा सामूहिक निगरानी प्रभावकारी हुन सक्छ । बाँदरले कम रूचाउने अदुवा, बेसार, खुर्सानी, लेमनग्रास लगायतका बालीको खेती विस्तार गर्न पनि सुझाव दिइएको छ ।

बस्ती वरिपरिका झाडी सफा राख्ने, रातिको समयमा पर्याप्त उज्यालोको व्यवस्था गर्ने, पशुचौपायालाई सुरक्षित गोठमा राख्ने तथा बालबालिकालाई साँझपछि एक्लै बाहिर नपठाउने जस्ता उपायले जोखिम घटाउन सकिन्छ । वन्यजन्तु देखिएमा नआत्तिने, नभाग्ने, सुरक्षित दूरी कायम गर्ने तथा सम्बन्धित निकायलाई जानकारी गराउने बानी बसाल्नुपर्ने विज्ञहरूको सुझाव छ।

**सहअस्तित्व नै दीर्घकालीन समाधान**

वन्यजन्तु संरक्षण र मानव सुरक्षाबीच सन्तुलन कायम गर्नु अहिलेको प्रमुख आवश्यकता बनेको छ । मानव-वन्यजन्तु द्वन्द पूर्ण रूपमा अन्त्य गर्न नसकिए पनि वैज्ञानिक व्यवस्थापन, समुदायको सक्रिय सहभागिता, प्रभावकारी सरकारी पहल र जिम्मेवार सञ्चारमार्फत यसको प्रभाव न्यूनीकरण गर्न सकिन्छ।

वन्यजन्तु प्रकृतिको अभिन्न अंग हुन् । उनीहरूलाई उक्साउने होइन, सुरक्षित दूरी कायम गर्दै सहअस्तित्वको संस्कृतिलाई प्रवर्द्धन गर्नु नै दीर्घकालीन समाधानको आधार हो । सचेतना, सावधानी र सहकार्य नै मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय मानिन्छ ।

bhanjyangnews.com

# मानव-वन्यजन्तु ........

गते एक सूचनामार्फत बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित रही १५ दिन भित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको छ ।

**द्वन्द्व न्यूनीकरण गर्न समुदाय परिचालन र जनचेतना**

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले मन्त्रालयले हालै गठन गरेको प्राविधिक विज्ञ समिति मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो । उहाँका अनुसार विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित उक्त समितिले वैज्ञानिक अध्ययन, क्षेत्रीय अनुभव र समुदायका आवश्यकतालाई समेटेर नीति निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

उहाँले कोष र त्रिभुवन विश्वविद्यालयको सहकार्यमा दर्जनौं पालिकामा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षहरूले पनि समस्या समाधानका लागि महत्वपूर्ण आधार प्रदान गर्ने बताउनुभयो । सदस्य-सचिव डा पोखरेलका अनुसार मन्त्रालय र कोषको सहकार्यमा विभिन्न प्रभावित क्षेत्रमा बाली विविधीकरण, वन्यजन्तुले कम क्षति गर्ने खेती प्रणाली, सुरक्षित पशु गोठ निर्माण, विद्युतीय बार, समुदाय परिचालन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्। तर स्रोत-साधन र प्रविधिको सीमितताका कारण अझै धेरै काम गर्न बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो ।

"हात्ती, बाघ, चितुवा, भालु, बाँदर वा अन्य वन्यजन्तुसँग सम्बन्धित समस्या फरक-फरक छन् । त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ" उहाँले भन्नुभयो । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सरकार, संरक्षण संस्था, स्थानीय समुदाय, अनुसन्धानकर्ता र नागरिक समाजबीचको सहकार्य अपरिहार्य रहेकामा सदस्य-सचिव डा पोखरेलको जोड छ ।

**'सबै मानव-वन्यजन्तु द्वन्द्व एउटै होइन'**

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरूङले मानव-वन्यजन्तु द्वन्द्वलाई एउटै समस्या मानेर समाधान खोज्दा अपेक्षित परिणाम नआउने बताउनुभयो । "बाँदरले बाली नष्ट गर्ने समस्या, चितुवा वा बाघले पशुधन र मानवमाथि आक्रमण गर्ने समस्या, हात्तीले कृषि क्षेत्रमा पुऱ्याउने क्षति वा हिउँचितुवाले पशु चौपायामा पुऱ्याउने क्षति फरक-फरक प्रकृतिका हुन्", उहाँले भन्नुभयो, "त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ ।"

उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्वलाई समग्र रूपमा हेर्नु आवश्यक भए पनि व्यवस्थापन भने प्रजाति-विशेष रणनीतिमा आधारित हुनुपर्छ। कुन प्रजातिबाट कस्तो प्रकारको क्षति भइरहेको छ भन्ने आधारमा योजना निर्माण गरिए मात्र प्रभावकारी नतिजा प्राप्त गर्न सकिनेमा उहाँको जोड छ ।

राष्ट्रिय प्रतिनिधि डा गुरूङले मन्त्रालय र डब्लुडब्लुएफको सहकार्यमा हिमाली क्षेत्रमा हिउँचितुवाबाट हुने पशुधन क्षति न्यूनीकरणका लागि सञ्चालन गरिएको सामुदायिक बीमा कार्यक्रम सफल भएको उल्लेख गर्नुभयो । त्यस्तै, उहाँले बाघ प्रभावित क्षेत्रमा घाँसेमैदान व्यवस्थापन, पानीका स्रोत सुधार, जोखिमयुक्त क्षेत्रमा पुगेका बाघको उद्धार तथा समुदायस्तरमा व्यवहार परिवर्तन अभियान सञ्चालन गर्दा सकारात्मक परिणाम देखिएको जानकारी दिनुभयो ।

त्यस्तै केही क्षेत्रमा सञ्चालन गरिएको 'मानव व्यवहार परिवर्तन अभियान'पछि मानवीय क्षतिका घटना उल्लेखनीय रूपमा घटेका छन् । "संरक्षणको अर्थ वन्यजन्तु मात्र जोगाउनु होइन, स्थानीय समुदायको जीवन र जीविकाको सुरक्षा सुनिश्चित गर्नु पनि हो", उहाँले भन्नुभयो । रासस

# पोखरा सेती ....

वटा घर भत्काउनु परेको थियो । तर, जग्गाधनीको मागअनुसार यसको क्षतिपूर्ति र मुआब्जा दिनुपर्ने लगायत विषयमा सहमति नहुँदा ढिलाइ भएको बताइन्छ । पछिल्लो समय दुई जना जग्गाधनी केदार पौडेल र माधव पौडेलले समेत मुआब्जा बुझेको र असार पहिलो साताभित्रमा संरचना खाली गर्ने प्रतिबद्धता जनाएको आयोजना प्रमुख कुँवरले बताउनुभयो ।

निर्माण कम्पनीले चीनबाट सामान ल्याउन ढिलाइ भएको तथा खानेपानी पाइप स्थानान्तरणलगायत समस्या देखाउँदै ढिलाइ गरेपछि काममा विलम्ब भएको थियो । "जग्गाधनीले मुआब्जामा चित्त नबुझेको भन्दै प्रशासनले निर्धारण गरेको रकम बुझ्न मान्नुभएको थिएन, जसका कारणले समेत काममा अवरोध भयो । केही दिनअघि उहाँहरूले मुआब्जा लिनुभएको छ। अब साइडमा कुनै पनि समस्या छैन, काम रोकिने अवस्था आउँदैन", कुँवरले भन्नुभयो।

सेती पुलको हालसम्म १२० पाइल फाउण्डेसन सकिएको, पाइल क्याप तथा चार वटा टावरको काम सकिएको छ । यसैगरी, एउटा पुलमा गर्डर र क्रस गर्डरको काम सकिएको छ।

**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## बन्दीपुर अस्पताल

बन्दीपुर गाउँपालिका-४, बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## खरिद सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८३/०२/२९)

बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पताल खर्च केन्द्रको आ.ब. २०८२/०८३ को तपशिल बमोजिमका स्वीकृत कार्यक्रमहरूका लागि आवश्यक खरिद कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (दोश्रो संसोधन) अध्यादेश २०८३ र सार्वजनिक खरिद नियमावली २०६४ को बमोजिम ईच्छुक सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र सं. | ठेक्का नं | सूचना नं: | योजना/कार्यक्रमको नाम | विनियोजित जम्मा रकम | दरभाउपत्र फारम दस्तुर | बैंक ग्यारेन्टी वा जमानत रकम | दरभाउ/कोटेशन बुझाउने अन्तिम मिति | कै |
|---|---|---|---|---|---|---|---|---|
| १. | BH/SQ/Xray film, cassette and lead/Goods/05-2082-083 | सूचना नं: ६०-२०८२/०८३ | एक्सरे फिल्म, क्यासेट एवम् लिड खरिद | रु.१२,००,०००/- | रु.१,०००/- | रु.३६,०००/- (बैंक ग्यारेन्टी ७५ दिन म्याद भएको हुनुपर्ने) | २०८३/०३/०४ गते बेलुकी ५:०० बजेसम्म | ऐ. ऐनको दफा ४० र नियमावलीको नियम ८४ बमोजिम |
| २. | BH/DP/Medical store rack and related/Goods/06-2082-083 | सूचना नं: ६१-२०८२/०८३ | मेडिकल स्टोरका लागि आवश्यक मेटल र्याक/फर्निचर खरिद | रु.७,००,०००/- | नलाग्ने | नलाग्ने | | ऐ. ऐनको दफा ४१ र नियमावलीको नियम ८५ बमोजिम |
| ३. | BH/DP/Physiotherapy equipment's and related/Goods/07-2082-083 | सूचना नं: ६२-२०८२/०८३ | फिजियोथेरापी औजार उपकरण | रु.५,००,०००/- | नलाग्ने | नलाग्ने | | |
| ४. | BH/DP/MSS related/Goods/08-2082-083 | सूचना नं: ६३-२०८२/०८३ | न्यूनतम सेवा मापदण्ड (MSS) अभिबृद्धि प्रयोजनार्थ | रु.५,००,०००/- | नलाग्ने | नलाग्ने | | |

**नोटः**

- विस्तृत सूचना बन्दीपुर अस्पतालको सूचना पाटी तथा फेसबुक पेज एवं अस्पताल प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ ।
- थप जानकारी एवं समन्वयका लागि प्रशासन शाखा प्रमुख (९८५६०४२०६२) वा योजना शाखा प्रमुख (९८५६०६३५८१) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।

**मेडिकल सुपरिटेण्डेन्ट (९८५६०६३३३१)**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**स्वास्थ्य सचेतना :** तनहुँको ऋषिङ गाउँपालिका-४ स्थित भिरकोट स्वास्थ्य चौकीद्वारा सेवा क्षेत्रका बासिन्दामा स्तनपान। स्थानीय पोषणयुक्त तथा स्वास्थ्य खानाको उपभोग प्रवर्द्धनका लागि सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै स्वास्थ्यकर्मी । *तस्विर : भञ्ज्याङ*

# व्यास नगरपालिकाले महत्वपूर्ण योजनाको ठेक्का प्रक्रिया अघि बढाउने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका महत्वपूर्ण योजनाको ठेक्का प्रक्रिया अघि बढाउने भएको छ । नगर प्रमुख बैकुण्ठ न्यौपानको अध्यक्षतामा बसेको कार्यपालिकाको २३९औँ बैठकले उक्त निर्णय गरेको हो । बिहीबार बिहान सम्पन्न बैठकले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिका लागि ४५औं नगरसभा आह्वान गर्ने लगायत विभिन्न महत्वपूर्ण निर्णय गरेको छ ।

बैठकले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने मिति असार १० गते बुधबार बिहान ११:३० बजे नगर सभाकक्षमा ४५औं नगरसभाको बैठक आह्वान गर्ने निर्णय गरेको छ। नगरसभामार्फत आगामी वर्षका विकास प्राथमिकता, नीति तथा बजेट सार्वजनिक गरिनेछ।

बैठकमा चालु आर्थिक वर्षका विभिन्न विकास योजनाको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दै बजेट अभाव तथा निर्माणस्थलसम्बन्धी समस्याका कारण हालसम्म ठेक्का प्रक्रिया अघि बढ्न नसकेका महत्वपूर्ण योजनाहरूलाई आवश्यकतानुसार स्थान परिवर्तन गरी बजेट सुनिश्चित गर्दै ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको प्रवक्ता सुरेश थापाले बताए।

त्यस्तै, ठेक्का सम्झौता भइसकेका केही योजनाहरूको प्रगति सन्तोषजनक नरहेको विषयमा पनि बैठकमा छलफल भएको थियो। निर्धारित समयमै काम सम्पन्न नहुने अवस्था देखिएका योजनाका निर्माण व्यवसायीबाट लिखित प्रतिबद्धता लिएर मात्र औचित्यका आधारमा परियोजनाको निर्धारित अवधिसम्म म्याद थप गर्ने निर्णय गरिएको छ।

बैठकले महालेखा परीक्षकको प्रतिवेदन २०८३ मा उल्लेख भएका असुलउपर गर्नुपर्ने बेरूजु रकम तत्काल दाखिला गर्न सम्बन्धित सरोकारवाला पक्षलाई निर्देशन दिने निर्णय पनि गरिएको छ ।

# यस वर्ष हिन्दुकुश .......

अवस्थापछि अचानक भारी वर्षा हुन सक्ने भएकाले विशेषगरी पहाडी क्षेत्रमा आकस्मिक बाढी र पहिरोको अवस्था सिर्जना हुन सक्छ । जलविज्ञ श्रेष्ठले भन्नुभयो, "यस आउटलुकले समग्रमा अपेक्षाकृत सुक्खा मनसुनको संकेत गरेको छ, तर त्यसको अर्थ जोखिम कम हुनु होइन । छोटो अवधिका तीव्र वर्षाका घटनाले गम्भीर विपद् निम्त्याउन सक्छन् ।"

तातो मौसमले गर्मीजन्य तनाव बढाउने र पानीको उपलब्धता घटाउने सम्भावना पनि रहेको छ। मौसमको सुरूआतमा हिमपातको स्थायित्व कम रहनुले यस क्षेत्रको प्राकृतिक जल सञ्चय क्षमतालाई थप कमजोर बनाउनेछ, जसले नदी प्रणाली र भू-जल पुनर्भरणलाई वर्षाको परिवर्तनशीलताप्रति अझ संवेदनशील बनाउनेछ । "हिमपात लामो समयसम्म नटिक्नुले मनसुन सुरू हुँदा यस क्षेत्रको प्राकृतिक मौसमी जल सञ्चय क्षमता घटेको अवस्थालाई जनाउँछ", आउटलुकका सह-लेखक सार्थक श्रेष्ठले भन्नुभयो ।

विज्ञहरूका अनुसार यी संयुक्त जोखिमहरूले दक्षिण एसियाभर विपद् योजना तथा प्रतिकार्य व्यवस्थापनलाई जटिल बनाइरहेका छन्। "मनसुनको बढ्दो अनिश्चितताले समन्वयसम्बन्धी चुनौतीहरु सिर्जना गरिरहेको छ," इसिमोडका जल तथा विपद् जोखिम न्यूनीकरण प्रमुख नीरा श्रेष्ठ प्रधानले भन्नुभयो, "अबको पूर्वतयारीका लागि सरकार, प्राविधिक निकाय र स्थानीय तहबीच अझ सशक्त समन्वय आवश्यक छ ।"

आउटलुकले खाद्य उत्पादन, जलस्रोत र ऊर्जा प्रणालीमाथि बढ्दो दबाबका साथै ग्रामीण र सहरी दुवै क्षेत्रमा बढ्दो संवेदनशीलतालाई पनि औँल्याएको छ । "लामो सुक्खा अवधिपछि हुने अनियमित वर्षाले पहिरोको जोखिम बढाउँछ", रिका इन्डियाका प्रमुख कार्यकारी अधिकृत रनित चटर्जीले भन्नुभयो, "यसले बसाइँसराइ, खाद्यान्नको मूल्यवृद्धि, ऊर्जा सङ्कट तथा पर्यटन क्षेत्रमा अवरोधलगायत सामाजिक-आर्थिक दबाबलाई अझ बढाउन सक्छ ।"

वैज्ञानिकहरूले सशक्त प्रारम्भिक चेतावनी प्रणाली र प्रभाव-आधारित पूर्वानुमानको आवश्यकतामाथि पनि जोड दिएका छन् । "खडेरी र बाढीका जोखिमलाई अब छुट्टाछुट्टै व्यवस्थापन गर्न सकिँदैन", इसिमोडका वरिष्ठ सल्लाहकार अरूणभक्त श्रेष्ठले भन्नुभयो, "बढ्दो जटिल जोखिमहरूको सामना गर्न प्रारम्भिक चेतावनी प्रणाली, छोटो अवधिका पूर्वानुमान र स्थानीयस्तरमा आधारित पूर्वतयारीले एकसाथ काम गर्न आवश्यक छ ।"

जलवायु परिवर्तनजन्य अनिश्चितता बढ्दै जाँदा एउटै प्रकारको विपद्का लागि मात्र तयारी गर्नु पर्याप्त नहुने विज्ञहरूको चेतावनी छ । "एउटै, पूर्वानुमान गर्न सकिने जोखिमका लागि मात्र तयारी गर्ने युग समाप्त भइसकेको छ", इसिमोडका विपद् जोखिम न्यूनीकरण विशेषज्ञ शश्वत सन्यालले भन्नुभयो, "पूर्वानुमानमा आधारित पूर्वकार्य र प्रारम्भिक चेतावनी अब आधारभूत आवश्यकता बन्नुपर्छ ।"

हिन्दुकुश-हिमालय (एचकेएच) क्षेत्र एसियाभर तीन हजार ५०० किलोमिटरसम्म फैलिएको छ । यसले अफगानिस्तान, बङ्गलादेश, भूटान, चीन, भारत, म्यान्मा, नेपाल तथा पाकिस्तान गरी आठ देश समेट्छ । उच्च हिमाली शृत्ला, मध्यपहाडी क्षेत्र तथा मैदान समेटिएको यो क्षेत्र करिब दुई अर्ब मानिसको खाद्य, पानी तथा ऊर्जा सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण छ। साथै, असंख्य दुर्लभ तथा अपूरणीय जीवजन्तु र वनस्पतिको बासस्थान पनि हो । यो क्षेत्र जलवायु परिवर्तन, प्रदूषण र जैविक विविधताको क्षयबाट सिर्जित विश्वव्यापी सङ्कटका असरबाट जोखिमग्रस्त छ । रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com



**facebook twitter**

**Muma Ram Khanal**
x.com/MumaRamKhanal

म 'चोर' हो, तर तिम्रो 'चोरी' पनि म पत्ता लगाउँछु। नेपालमा राजनितीलाई यो भन्दा बढी 'अराजनीतिक' भाषा र ढंगमा कहिल्यै सुनिएको र देखिएको थिएन। नयाँले 'नयाँ' नै गरे। हाम्रो परम्परामा 'नाँगिनु' पनि 'नयाँ' हो। तर 'नाँगो' र 'नयाँ'मा फरक हुन्छ।



**narayan wagle**
x.com/narayanwagle

'तपाईंहरूका काण्डबारे हामी अनभिज्ञ हो र? ती पनि खुल्नेछन् ।' यो सरकारी भाषा धम्कीपूर्ण छ। प्रतिपक्षको कर्तव्य प्रश्न गर्ने हो। जवाफमा कुन फाइल खोल्ने, कुन नखोल्ने भनेर बार्गेनिंग गर्ने होइन ।



**Narayan Amrit**
x.com/amritna

कुनै पनि मन्त्रीले मन्त्रालयमै निवास बनाएको त्यति शोभनीय र सान्दर्भिक हो जस्तो लाग्दैन। सरकारले मन्त्री महावीर पुनलाई निवासको व्यवस्था गर्ने कुरा ठुलो पनि होइन। मन्त्रालयलाई 'एस्थेटिक पिओभी'बाट पनि हेर्नुपर्छ। यस्तो चटक नगरे हुन्न?

# पोखरा-दुबई सिधा उडानः टिकट बुकिङ खुला

**जमुना वर्षा शर्मा**/पोखरा

संयुक्त अरब इमिरेट्स (युएई) को विमान कम्पनी फ्लाई दुबईले आगामी असोज ७ गतेदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधा उडान गर्ने भएको छ । नियमित उडान सञ्चालन हुने खबरले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेका छन् । विमानस्थल सञ्चालनमा आएको तीन वर्षपछि नियमित अन्तर्राष्ट्रिय उडान सुनिश्चित भएको हो ।

दुबईस्थित वायुसेवा कम्पनी फ्लाई दुबईले उक्त मितिदेखि दैनिक उडान सञ्चालन गर्ने गरी टिकट बुकिङ खुला गरेको छ । यसैसाथ पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलोपटक नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडान सञ्चालन हुने भएको हो ।

पोखरा प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन र सांस्कृतिक सम्पदाले सम्पन्न सहर हो । अब अन्तर्राष्ट्रिय हवाई पहुँच विस्तारसँगै यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ सम्भावना खुलेको छ । यसअघि विमानस्थलबाट चीन, भुटानलगायत मुलुकमा चार्टर उडान तथा भारततर्फ आकस्मिक मेडिकल उडान मात्र हुँदै आएका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुबई उडानलाई पोखराको अन्तर्राष्ट्रिय पहिचान विस्तार गर्ने महत्वपूर्ण उपलब्धिका रूपमा लिएको बताउनुभयो । उहाँले केवल हवाई सेवा थपिएको विषय नभई पर्यटन प्रवर्द्धन, लगानी आकर्षण तथा काठमाडौं केन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने अवसर भएको बताउनुभयो । होटल संघ नेपालका केन्द्रीय सदस्य भरत पराजुलीले संयुक्त अरब इमिरेट्स (यूएई) का महामहिम राजदूतसँग पर्यटन आदान-प्रदान तथा पोखरा-यूएई सिधा उडान सञ्चालनका विषयमा भएको छलफल सकारात्मक र उपलब्धिमूलक रहेको स्मरण गर्नुभयो ।

"यूएईसम्म नियमित उडान सञ्चालन हुनुले पर्यटन, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान पुग्नेछ," उहाँले भन्नुभयो । पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले दुबई उडानले पोखराको पर्यटन उद्योगलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) का अध्यक्ष ममता न्यौपानेले पोखरा-दुबई नियमित उडानको सुरूआतले पोखराको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारसँग प्रत्यक्ष रूपमा जोड्ने महत्वपूर्ण अवसर सिर्जना गरेको बताउनुभयो । दैनिक उडान सञ्चालनमा आएपछि गण्डकी प्रदेश तथा आसपासका जिल्लाका वैदेशिक रोजगारीमा जाने युवा, उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थी तथा अन्य यात्रु प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

सन् २०२३ जनवरी १ मा उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडानको सुरूआतसँगै पोखरा मुलुकको दोस्रो प्रमुख अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रूपमा थप स्थापित हुने अपेक्षा गरिएको छ।

फ्लाई दुबईले सञ्चालन गर्ने उक्त सेवाका लागि यात्रुहले कम्पनीको आधिकारिक वेबसाइट तथा मान्यता प्राप्त ट्राभल एजेन्सीमार्फत टिकट बुकिङ गर्न सक्ने जनाइएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४